नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## प्रधान कार्यालय

# प्रेस विज्ञप्ती

## नेपालबैंक लिमिटेडको ८४औं वार्षिकोत्सव सम्पन्न, २६ शाखा र ७ एक्सटेन्सन काउण्टरको उद्घाटन

काठमाडौं, ३ मंसिर । देशमा संस्थागत बैंकिङ्गको शुन्यता रहेको बेला आम जनतामा बैंकिङ्ग सेवाप्रदान गर्ने पवित्र उद्देश्य लिई ८३ वर्ष अघि विक्रम सम्वत १९९४ कार्तिक ३० गते लक्ष्मीपूजाको दिन स्थापित, देशको बैंकिङ्ग इतिहासको आधार स्तम्भको रुपमा रहेको नेपाल बैंक लिमिटेडको ८४औं वार्षिकोत्सव समारोह Virtual माध्यमबाट माननीय अर्थमन्त्री श्री विष्णु पौडेलज्यूको प्रमुख आतिथ्यतामा २०७७ कार्तिक ३० गते आइतवार भव्य रुपमा सम्पन्न भयो ।

माननीय अर्थमन्त्री श्री विष्णु पौडेलज्यूबाट यस बैंकले विगत १ बर्षमा स्थापना/पुन:स्थापना गरेका २६ वटा शाखा र ७ वटा एक्सटेन्सन काउन्टरको उद्घाटन र बैंकको वार्षिकोत्सव विशेषाङ्क २०७७ विमोचन समेत गर्नुभयो । समारोहलाई सम्बोधन गर्नु हुँदै माननीय अर्थमन्त्रीज्यूले बैकिङ्ग प्रणालीमा नेपाल बैंकले आफुलाई अग्र स्थानमा उभ्याउन सफल हुनेछ भन्ने आशा र विश्वास व्यक्तगर्दै शुभकामना दिनु भयो साथै, माननीय मन्त्रीज्यूले समारोहमा सहभागी महानुभावहरुको जिवन्त छलफलबाट बैंकको आगामी यात्राको निमित्त महत्वपूर्ण निष्कर्ष निष्कने विश्वास समेत व्यक्त गर्नुभयो ।

उक्त समारोहलाई सम्बोधन गर्नु हुँदै विशिष्ठ अतिथि नेपाल राष्ट्र बैंकका गर्भनर श्रीमान महाप्रसाद अधिकारीज्यूले उद्योग व्यवसायको विकास र रोजगारी सृजनामा ठूलो योगदान पुऱ्याएको यस बैंकको नेपाल सरकारबाट लागूभएका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनमा समेत महत्वपूर्ण भूमिका रहने आशा र विश्वास व्यक्त गर्नुभयो । हाल बैंक व्यावसायिक हिसाबले सञ्चालन भइरहेकोमा खुसी व्यक्तगर्दै कोरोना महामारीको यस विषम परिस्थितीम भर्चुअल माध्यमबाट काम गर्न र बैंकले ग्राहकवर्गलाई विद्युतिय माध्यमबाट सेवादिने कार्यलाई थप प्रोत्साहित गर्दै लैजानेमा विश्वास गर्दै बार्षिकोत्सव समारोहको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

शुभकामना मन्तव्य दिनु हुँदै विशिष्ठ अतिथि राजश्व सचिव श्रीमान रामशरण पुडासैनीज्यूले बैंकको संस्थागत सुशासन, व्यवस्थापनको कार्यदक्षता र कार्य क्षमतामा सुधार हुँदै गएको र अझ सुधार हुनेमा विश्वास व्यक्तगर्दै, बजार मैत्री सेवा तथा प्रविधिको माध्यमबाट बैंकको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि

गर्न, ग्राहक मुखी कर्यक्रमहरुमा थप जोड दिन, लागत घटाउने उपायहरु अवलम्वन गर्न सुझावदिनु भयो ।

समारोहका सभापति सञ्चालक समितिका अध्यक्षश्री वासुदेव अधिकारीज्यूले जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, नियामक निकायका निर्देशनको परिपालनागर्दै डिजिटाइजेसनको माध्यमबाट सेवाको गुणस्तर बृद्धि गर्ने तर्फ बैंक केन्द्रित भएको जानकारी समेत गराउनु भयो ।

नेपाल बैंक लिमिटेड सञ्चालक समितिका सदस्य श्री केदार प्रसाद पनेरु, श्री गंगा प्रसाद ज्ञवाली, डा. सवित्री रञ्जित श्रेष्ठ, श्री ओमकृष्ण श्रेष्ठज्यूको समेत उपस्थिति रहेको उक्त समारोहमा बैकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीले बैंकको बर्तमान वित्तीय अवस्था र बैंकका अन्य गतिविधिहरुको संक्षिप्त विवरणहरु राख्दै समारोहमा महत्पूर्ण उपस्थितिका लागि प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथि तथा सम्पूर्ण सहभागी महानुभावहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्नुभयो ।

राष्ट्रिय आविस्कार केन्द्रका संस्थापक तथा यस बैंकका ब्राण्ड एम्बेस्डर श्री महाविर पुनज्यू, नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री भिष्मराज ढुङ्गानाज्यू, कम्पनी रजिष्ट्रार कार्यालका रजिष्ट्रार श्री प्रदिपराज अधिकारीज्यू, बैंक सञ्चालक समितिका पूर्व अध्यक्ष श्री मधुसुदन पोखरेलज्यू तथा श्री जनार्दन शर्मा आचार्यज्यू, पूर्व प्रमुख कार्यकारी अधिकृत श्री महेश्वरलाल श्रेष्ठज्यू तथा श्री देवेन्द्रप्रताप शाहज्यू , राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरण कुमार श्रेष्ठज्यू र कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिलकुमार उपाध्यायज्यू समेत आमन्त्रित रहनु भएको उक्त समारोहमा बैंकर्स एसोसिएसनका अध्यक्ष श्री भुवन दाहालज्यूले शुभकामना मन्तव्य दिनु भएको थियो ।

काठमाडौं, २०७७ मंसिर ३ गते ।

............................

प्रकाशकुमार अधिकारी

प्रवक्ता